# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश नेपाल

पत्र संख्या:- ०७८/७९
च.नं :-

**सूचना** **सूचना** **सूचना**

**विषय:- ब्याकहोए लोडर दररेट माग गरिएको सम्बन्धमा ।**

**प्रथम पटक प्रकासित मिति २०७८।०५।०९**

रौतामाई गा.पा. अर्न्तगत तपसिलको सडक वर्षाको पानीले क्षति पुर्याएकोमा ब्याकहोए लोडर प्रयोग गरी मर्मत सम्भार गनुपर्ने भएको हुँदा ईच्छुक व्यक्ति/फर्म/कम्पनीले मेसिनरी औजार उपकरण प्रयोग गरी सडक मर्मत गर्न प्रतिघण्टाको दररेट उल्लेख गरी मिति २०७८।०५।०९ गते देखि मिति २०७८।०५।१५ गते सम्म १२:०० बजे भित्र सिलबन्दी गरी यस कार्यालयमा पेश गर्न साथै निर्धारित समयमा पेश भई दर्ता भएका सिलबन्दी दररेटहरु सोही दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.न | विबरण<br>आ.व. २०७८/०७९ को लागी | ब्याकहोए लोडर दररेट प्रतिघण्टा (अंक र अक्षर दुबैमा) |
|---|---|---|
| १ | मुर्कुची-पुवारे-पाँबु -भुट्टार सडक मर्मत | |
| २ | भुट्टार-लाफागाउँ-रसुवा-भोर्लाबास बिमिरे सडक मर्मत | |
| ३ | निकास-बाछला-डाडाँगाउँ-सुनकोशी सडक मर्मत | |
| ४ | फोक्सिन्टार-रसुवा-चनौटे सडक मर्मत | |
| ५ | भुट्टार -बोफ्फेपानी -डहर-माफ्फखर्क सडक मर्मत | |
| ६ | गोगने -रबुवा -धमिनि सडक मर्मत | |
| ७ | सल्ले-भदौरे-पोखरी- जागीरभित्ता-ढुङ्गे सडक मर्मत | |
| ८ | चौकीभन्ज्याङ्ग-डुम्रीथुम्का-पुँवारे सडक मर्मत | |
| ९ | गोगने -वोलुखां -ज्यामिरे-कर्कुसे सडक मर्मत | |
| १० | सल्ले-हात्तिपाइले-कटहरे सडक मर्मत | |
| ११ | सल्ले-निगाले-बाँसबोटे-रुवाला सडक मर्मत | |
| १२ | भुट्टार - नौले -ओखेनी र नौले-फ्फाक्रे-डहर सडक मर्मत | |
| १३ | गोगने-हात्तिटार-कमेरे-नामन्ता-चौकीभन्ज्याङ्ग सडक मर्मत | |
| १४ | मिलघट्टा-गुँरासे सडक मर्मत | |

"समद्ध गाउँपालिकाहाम्रो अभियान : सबै सखी र खशी रहौं यहीहाम्रो पहिचान"

५।०९
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश नेपाल

पत्र संख्या:- ०७८/७९
च.नं :-

(क) दररेट अक्षर-अंकमा स्पष्ट हुने गरी प्रतिघण्टा उल्लेख गर्नुपर्ने छ र सो मा मू.अ.कर, अग्रिम कर, ईन्धन, खाना खर्च र अपरेटर खर्च समेत समावेश हुने गरी दररेट पेश गर्नुपर्ने छ।

(ख) आ.व.२०७७/०७८ को फर्मको कर चुक्ताको प्रमाणपत्रको फोटोकपि या कर चुक्ताको Extension Letter र २०७८ आषाढ मसान्त सम्म नविकरण भएको फर्मको फोटोकपि पेश गर्नुपर्ने छ।

(ग) नागरिकताको फोटोकपि पेश गर्नुपर्ने छ।

(घ) मेसिनको ब्लुबुकको फोटोकपी/अपरेटरको लाइसेन्सको फोटोकपि संलग्न गरी पेश गर्नुपर्ने छ।

(ङ) उपयुक्त बिवरण र दररेट सिलबन्दी गरी पेश गर्नुपर्ने छ। साथै
पेश भएको दररेट अनुसार सडक मर्मत गर्ने कार्य सम्झौता भएको मिति देखि २०७८ मंसिर मसान्त सम्म हुनेछ।

(च) सिलबन्दी दररेट पेश गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट तत् समयमा पेश गर्न सकिनेछ। म्याद भित्र पेश नभएका सिलबन्दी दररेटलाई मान्यता दिइनेछैन।

(छ) ब्लुबुकमा उल्लेख भएको मेशिन/उपकरण बाहेक अन्य मेशिन/उपकरण प्रयोग गर्न पाइनेछैन। प्रयोग गरेको पाइएमा भुक्तानी रोक्का गरी नियमानुसार कार्वाही गरिनेछ।

(ज) प्रत्येक व्यक्ति/फर्म/कम्पनी ले घटीमा २ वटा ब्याकहोए लोडरको स्वयं व्यक्ति/फर्म/कम्पनीको स्वामित्व भएको ब्लुबुक पेश गर्नुपर्नेछ , एक वटा मात्र ब्याकहोए लोडर भएको व्यक्ति/फर्म/कम्पनीले अर्को व्यक्ति/फर्म/कम्पनी संग मन्जुरीनामा लिई भाडामा लिएको कागजात र ब्लुबुक सहित २ वटा ब्याकहोए लोडरको कागजात तथा ब्लुबुक पेश गर्नुपर्नेछ।

(झ) दररेट पेश गर्दा कार्यालयको स्विकृत दररेट मू.अं.क. सहित रु२३००।० भन्दा बढी पेश गरेमा उक्त सिलबन्दी दररेट स्वत: अस्विकृत हुनेछ।

(ञ) मेशिनको मिटर रिडर नबिग्रेको अवस्थामा हुनुपर्ने र कामको शुरुवात भए पश्चात मेशिनको मिटर रिडर बिग्रेको खण्डमा सम्वन्धित व्यक्ति/फर्म/कम्पनी नै स्वयं जिम्मेवार हुनुपर्नेछ र बिग्रेको घण्टाको कामको दावि सम्वन्धित पक्षले गर्न पाइने छैन।

अन्य केही बुझ्नु परेमा सम्पर्क राख्नु होला : मो. ९८५२८३५६३१

मो ९८४२८९१७४३

प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध गाउँपालिकाहाम्रो अभियान : सबै सुखी र खुशी रहौं यहीहाम्रो पहिचान"

Scanned with CamScanner